# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्धारा प्रकाशित

खण्ड३ )जनकपुरधाम,नेपाल, फाल्गुन०५ गते,२०७६ साल(अतिरिक्ताङ्क ४

भाग २

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## सुरक्षित बेटी अभियान संचालन निर्देशिका, २०७६

प्रस्तावना:प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो निर्देशिका बनाएको छ ।

## परिच्छेदः-१

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस निर्देशिकाको नाम "सुरक्षित बेटी अभियान संचालन निर्देशिका, २०७६"रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "अभियान" भन्नाले सुरक्षित बेटी अभियानलाई सम्झनु पर्छ ।

(ख) "कार्यकारी समिति" भन्नाले दफा (७) बमोजिमको समितिलाई सम्झनू पर्छ ।

(ग) "छनौट समिति" भन्नाले संयोजक र सामाजिक परिचालिकाको छनौट गर्न गठित दफा १२ बमोजिमको समितिलाई सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले प्रदेश नं. दुईलाई सम्झनु पर्दछ।

(ङ) "बेटी" भन्नाले कुनै पनि उमेर समुहका महिला र बालिकालाई सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(छ) "निर्देशिक समिति" भन्नाले दफा (५) बमोजिमको समितिलाई सम्झनू पर्छ ।

(ज) "लक्षित वर्ग" भन्नाले लैङ्गिक हिंसा बाट प्रभावित वा प्रभावित हुन सक्ने जोखिम उन्मूख महिला वा बालिकालाई सम्झनु पर्छ ।

(झ) "लैङ्गिक हिंसा" भन्नाले लिङ्गको आधारमा घरभित्र वा वाहिर हुने शारीरिक, मानसिक, सामाजिक, सांस्कृतिक, आर्थिक र यौनजन्य हिंसा गर्ने वा

त्यस्तो कार्य गर्न डर, धाक, धम्कि दिने जस्ता कार्य वा स्वतन्त्रताको उपयोग गर्नबाट बञ्चित गर्ने कुनै पनि कार्य वा व्यवहार सम्झनु पर्छ ।

३. **कार्यक्रमहरु सञ्चालनः**(१) मन्त्रालयले प्राप्त भएको अख्तियारीको अधिनमा रही देहायका प्रवर्धनात्मक (प्रोमोशनल) कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

(क) लैङ्गिक हिंसा विरुद्धको सचेतना मूलक सामाग्री उत्पादन र वितरण गर्ने।

(ख) सञ्चार माध्यमहरुबाट जनहितमा जारी सन्देशहरुको उत्पादन र प्रकाशन/प्रशारण गर्ने।

(ग) महिला समूह, किशोरी समूह, आमा समूहको स्थानीय स्तरमा गठन र मौजुदा समुहहरुको क्षमता विकास र अभिमुखिकरण तालिम मार्फत सशक्तिकरण गर्ने।

(घ) महिला हिंसा सम्बन्धी अपराध र सामाजिक कुरितीलाई निस्तेज पार्नको लागि जनचेतनाको स्तर वृद्धि गर्न, महिला हिंसा विषयक लघु चलचित्र, वृत चित्र, रेडियो नाटक, सडक नाटक, होर्डिङ बोर्ड, डिजिटल बोर्ड, डिस्प्ले बोर्ड, बहस र पैरवी, अन्तरक्रिया, भिडियो प्रदर्शन, प्रर्दशनी र मेला, स्टेज कार्यक्रम (गित, संगित, नृत्य), सामाजिक सञ्जाल मार्फत विश्वव्यापी 'मी टु' अभियानमा ऐक्यबद्धता लगायतका कार्यक्रमहरु विद्यालय, सार्वजनिकस्थल, समुदायहरुमा गर्ने, गराउने।

(ङ) छोरी जन्मिदा नवजात बालिकाको स्याहार र संरक्षणका लागि आर्थिक सहायता, बेबी किट्स वितरण लगायतका आवश्यक सहयोगको उपलब्धता स्थानीय तह तथा सामाजिक संघ संस्थाहरुको सहकार्यमा गर्ने, गराउने।

(च) महिला हिंसाका घट्ना वा सम्भावित घट्नाको पूर्व सूचना दिने व्यक्ति निकायहरुलाई पुरस्कृत गर्ने । त्यस्ता घटनाको सूचना दिने व्यक्तिलाई घटनाको प्रकृती र गम्भिर्यता हेरी गोपनियता कायम गर्ने, गराउने।

(छ) घरेलु तथा लैङ्गिक हिंसा मुक्त गाउँपालिका/नगरपालिका तथा प्रदेश घोषणा गर्ने सूचकांकहरुको निर्माण सरोकारवालाहरु सँगको समन्वयमा गर्ने, गराउने ।

(ज) सूचकांकहरुको अधारमा लैङ्गिक हिंसा मुक्त गाउँपालिका/नगरपालिका तथा प्रदेश धोषणा गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाउने।

(झ) लैङ्गिक हिंसा विरुद्धको अभियान प्रदेश भर संचालनल गर्न आवश्यक सामाजिक परिचालिकाहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम (टि.ओ.टि.) प्रदान गरि परिचालन गर्ने र त्यस्ता तालिम सचालन गर्न तालिम मैनुअल तयार गर्ने।

(ञ) जन्मदर्तालाई आधारमानी जन्म अनुपात कम भएको स्थानीय तहमा लक्षित कार्यक्रम संचालन गर्ने ।

(ट) विद्यालय पाठ्यक्रममा लैङ्गिक हिंसा सम्बन्धी विषयहरु समावेश गर्न गराउन सम्बन्धित निकाय सँग समन्वय गर्ने ।

(ठ) मदिरा, लागु औषधको दुर्व्यसन विरुद्धको जनचेतनामुलक, निरोधात्मक तथा उपचारात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

(ड) लैङ्गिक हिंसा न्यूनिकरण गर्ने रणनीतिक योजना तर्जूमा र कार्यान्वयन गरिनेछ।

(२) मन्त्रालयले महिला माथि हुने सबै प्रकारका हिंसा र दुर्व्यवहारको सम्भाव्यता, सघनता र प्रभावका आधारमा देहायका निरोधात्मक कार्यहरु सञ्चालन गर्नेछन:-

(क) महिला हक अधिकारको संरक्षणका लागि लैङ्गिक हिंसा निवारणमा आवश्यक प्रदेश कानून र मापदण्डको तर्नुमाका साथै आवश्यकता अनुसार कानूनमा परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

(ख) स्थानीय तहहरुको समन्वयमा जोखिममा रहेका वर्ग समुदाय क्षेत्रहरुको पहिचान गरी लक्षित समुदाय वर्ग क्षेत्रमा प्रर्वधनात्मक कार्यहरु संगै क्षमता विकासका कार्यक्रम संचालन गर्न सरकारी तथा गैरसरकारी क्षेत्रको सहकार्यमा गर्ने ।

(ग) किशोरीहरुलाई विभिन्न संघ संस्थाहरुको समन्वयमा आत्मरक्षा सम्बन्धी तालिमको व्यवस्था मिलाउने ।

(घ) स्थानीय तहमा महिला डेस्कको (लैङ्गिक सम्पर्क बिन्दु) व्यवस्थाका लागि आवश्यक समन्वय गर्ने र न्यायिक समितिको क्षमता अभिवृद्धिका लागि आवश्यक भौतिक, वित्तीय प्राविधिक सहयोग उपलब्ध गराउने ।

(ङ) जिल्ला प्रहरी कार्यालयहरुमा महिला बालबालिका सेवा केन्द्रहरुको सुदृढिकरण गर्दै पिडित महिलाको लागि सहायता डेस्कको व्यवस्था गर्ने र प्रहरीमा शिघ्र उद्धार टोलीको स्थापना र विकास गर्ने व्यवस्था मिलाउने ।

(च) सबै प्रकारका हिंसा दुर्व्यवहारको घटना शिघ्र दर्ता गर्ने मोवाइल एप्लिकेशनको उपयोगमा जोड दिने व्यवस्था मिलाउने।

(छ) प्रदेश र स्थानीय तहका विकास प्रक्रियाका चरणमा महिलाहरुको अर्थपूर्ण सहभागिताका साथै प्रतिफलमा सारभूत प्रतिनिधित्व सुनिश्चित हुने वातावरण तयार गर्न स्थानीय तहरुसंग समन्वय सहकार्य गर्ने ।

(ज) समुदाय स्तरमा निगरानी समूह र नागरिक प्रहरी साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गर्न सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने।

(३) मन्त्रालयले लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित बेटीहरुको आवश्यकतालाई सम्बोधन गर्न देहायका उपचारात्म/संरक्षणात्मक कार्यहरु सम्पादन गर्नेछ:-

(झ) लैङ्गिक हिंसा पीडित/प्रभावित महिलाहरुको लागि प्रत्येक जिल्लामा सुरक्षित अल्पकालिन

सेवा केन्द्रहरु प्रदेश प्रहरी र स्थानीय तहहरुसँगको समन्वयमा सञ्चालन गर्ने र मौजुदा केन्द्रहरुको स्तरोन्नती गर्ने ।

(ञ) लैङ्गिक हिंसा पीडित/प्रभावितहरुका लागि प्रदेशमा कम्तिमा एक आवश्यक सेवा सहितको दीर्घकालिन आश्रय केन्द्र स्थापना गरिनेछ ।

(ट) प्रत्येक जिल्लाका अल्पकालिन सेवा केन्द्रहरुमा मनोसामाजिक विर्मशकर्ताको व्यवस्था र आवश्यक खर्च व्यवस्थापनमा सहयोग गर्ने ।

(ठ) आवश्यक उपचारात्मक सेवा, निशुल्क कानूनी सहायताको व्यवस्था, शिघ्र अनुसन्धान, अभियोजनका तथा अदालतमा लैङ्गिक हिंसा सम्बन्धी सुनुवाइका लागि छिटो छरितो (फास्ट ट्र्याक) प्रक्रिया अबलम्बन गर्न सम्बन्धीत निकायसँग पहल गर्नुका साथै सो का लागि यथोचित सहयोग उपलब्ध गराउने।

(ड) पीडित तथा प्रभावितहरुको संवेदनशीलतालाई दृष्टिगत गर्दै घटना दर्तालाई पीडित, प्रभावित मैत्री बनाउँदै न्यायमा पहुँच वृद्धि गर्न आवश्यक सहयोग गर्ने ।

४. <u>**कार्यक्रम संचालन व्यवस्था:**</u>(१) मन्त्रालयले देहायमा उल्लेख भए बमोजिम कार्यक्रम सञ्चालन गर्नेछ :-

क) प्रदेश सरकारले आफै,

ख) स्थानीय तह तथा संघीय सरकारका निकायसँग समन्वय र सहकार्यमा,

ग) नीजि क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र तथा नागरिक समाजसँगको सहकार्यमा वा संझौता गरी,

घ) मन्त्रालयसँग समन्वय गरी मातहतका निकायद्वारा कार्यान्वयन गराउने गरी।

ङ) मन्त्रालयले स्थानीय सहयोग प्रदान गर्ने गरि सम्झौता गरेर ।

(२) सञ्चालित कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन मन्त्रालयले तोकेको प्रतिनिधिले निरन्तर रुपमा गर्नु पर्नेछ।

(३) प्रदेश सरकारबाट प्राप्त अनुदान वा आपसी सम्झौतामा कार्य गर्ने निकाय वा संस्थाले कार्यक्रम संचालन गर्न देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) कानूनी रुपमा रहेका संघ संस्थाले कार्यक्रम संचालन गर्न कार्यक्रम बनाई मन्त्रालयमा पेश गर्ने र मन्त्रालयले प्रचलित कानून अनुसार छोटो कार्यक्रम स्वीकृत गरी संस्थासँग सम्झौता गरी कार्यान्वयन गर्ने गराउने।

(ख) त्यस्ता संध संस्थाले वित्तिय एवं भौतिक प्रगतिको विवरण सम्झौता बमोजिम मन्त्रालयलाई दिने।

(ग) तालिम गोष्ठि, सेमिनार, जनचेतना मूलक प्रकृतिका कार्यहरुको सञ्चालन प्रदेश सरकारको खर्च मापदण्ड निर्देशिका बमोजिम तोकिएको शिर्षक/उपशिर्षक र रकमको मापदण्ड सिमा भित्र रही गर्ने।

(घ) कुनै निकाय/संस्थाले यस अभियानलाई सहयोग हुने प्रयोजनले आफ्नै लगानीमा

भौतिक सामाग्री वा निर्माण सम्बन्धी कार्य सम्पन्न गरी मन्त्रालयलाई हस्तान्तरण गर्ने ।

५. **निर्देशक समितिः** (१) अभियानको संचालन व्यवस्थापन समन्वय र नियन्त्रण गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ ।

(क) मन्त्री/राज्यमन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक

(ख) सचिव,मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यलय -सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(च) प्रमुख वा निजले तोकेको अधिकृत, प्रदेश प्रहरी कार्यालय -सदस्य

(छ) महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ज) महाशाखा प्रमुख, कानून महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(झ) व्यवस्थापक, सुरक्षित बेटी अभियान, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२) निर्देशक समितिको बैठक आवश्यकतानुसार बस्नेछ र बैठकमा संयोजकले तोकेको बढीमा तिन

जना सम्म सम्बन्धीत विषयका विज्ञ वा सरोकारवाला व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

६. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>- (१) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) सुरक्षित बेटी अभियान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने ।

(ख) अभियान संग सम्बन्धीत योजना/कार्यक्रमका प्रस्तावहरु आवश्यकता अनुसार स्वीकृत गर्ने र कार्यदिश दिने ।

(ग) अभियान अन्तरगत संचालित योजना कार्यक्रमहरुको अनुगमन मूल्यांकन गर्ने गराउने।

(घ) अभियानको उद्देश्य प्राप्तीका लागि उपयुक्त नीति तथा कार्यक्रमहरु निर्धारण गर्ने गराउने।

(ङ) संयोजक र सामाजिक परिचालिकाहरुको नियुक्ती दिने र काम, कर्तव्य र अधिकार तोक्ने।

७. <u>कार्यकारी समिति</u>: (१) यस अभियानलाई सचालन गर्नको लागि निर्देशक समितिको निर्देशनमा काम गर्ने गरी देहाय अनुसारको कार्यकारी समिति रहनेछ ।

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक

(ख) महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) प्रतिनिधी, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) प्रतिनिधी, सामाजिक विकास मन्त्रालय - सदस्य

(ङ) व्यवस्थापक, सुरक्षित बेटी अभियान, आन्तरिक मामिला तथा कानून मन्त्रालय- सदस्य सचिव

(२) कार्यकारी समितिको बैठक आवश्यकतानुसार बस्नेछ र बैठकमा संयोजकले तोकेको बढीमा तिन जना सम्म सम्बन्धीत विषयका विज्ञ वा सरोकारवाला व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

८. <u>कार्यकारी समितिको काम ,कर्तव्य र अभिकार ;-</u> कार्यकारी समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(१) निर्देशक समितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने

(२) कार्यक्रमको अनुगमन, निरिक्षण तथा मूल्याङ्कन सम्बन्धी सम्पूर्ण काम गर्ने।

(३) अनुगमन निरिक्षण तथा मुल्याङ्कनबाट कार्यक्रम संचालनमा देखिएका कमि-कमजोरी सुधार गर्न निर्देशक समितिसमक्ष सिफारिस साथ प्रतिवेदन दिने।

(४) निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने।

९. <u>जनशक्ति परिचालन:</u>(१) मन्त्रालयले अभियान संचालन गर्न आवश्यकता र औचित्यता हेरी निर्देशक समितिको निर्णयानुसार तत्काल कम्तीमा प्रदेश स्तरीय संयोजक एक जना र जिल्ला स्तरमा काम गर्ने प्रति जिल्ला कम्तिमा एक जनाको दरले ८ जना सामाजिक

परिचालिकाहरुका खटाउन सक्ने छ ।यसरी खटिने संयोजक र सामाजिक परिचालकहरुको काम, कर्तव्य र अधिकार निर्देशक समितिले तोके बमोजिम हुनेछ ।

(२) माथि उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि मन्त्रालयले आवश्यक मात्रामा प्रदेश, जिल्ला संयोजक तथा सामाजिक परिचालकहरुको संख्या निर्देशन समितिको निर्णयानुसार थप/घट गर्न सक्नेछ ।

(३) संयोजक र सामाजिक परिचालकको नियुक्ती सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको सेवा परामर्श खरिदको प्रकृया अनुसार गरिनेछ।

१०. <u>संयोजक र सामाजिक परिचालकको योग्यता:-</u>(१) संयोजकको योग्यता देहाय बमोजिम हुनेछः-

(क) पुरुषको हकमा २२ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा २२ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह उतिर्ण गरेको।

(ग) कुनै पनि फौजदारी कसुरमा सजाय नपाएको।

(घ) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

(ङ) नेपालको नागरिक।

(च) कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको।

(छ) नेपाली भाषा, स्थानीय भाषा र अंग्रेजी भाषाको ज्ञान भएको।

(ज) सामाजिक संघसंस्थाहरुमा काम गरेको अनुभव तथा सम्बन्धीत विषयमा तालिम प्राप्त गरेकालाई विषेश ग्रायहता दिइनेछ।

(२) सामाजिक परिचालकको योग्यता देहाय बमोजिम हुनुपर्नेछ:

(क) पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र वा सो सरह उतिर्ण गरेको।

(ग) कुनै पनि फौजदारी कसुरमा सजाय नपाएको।

(घ) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

(ङ) नेपालको नागरिक।

(च) कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको

(छ) नेपाली भाषा र स्थानीय भाषाको ज्ञान भएको।

११. <u>**संयोजक र सामाजिक परिचालकको छनौटका आधार:**</u>संयोजक र सामाजिक परिचालकको छनौट देहायको आधारमा हुनेछः

(क) शैक्षिक योग्यताको प्रप्ताङ्कको आधार,

(ख) व्यक्तित्व परीक्षण र कार्यकुशलताको आधार,

(ग) तोकिएको भन्दा माथिलो शैक्षिक योग्यताको आधार,

(घ) सहिद परिवार र जनआन्दोलनबाट प्रभावित भई अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष ग्राह्याताका आधारमा,

(ङ) सामाजिक संघसंस्थाहरुमा काम गरेको अनुभव तथा सम्बन्धीत विषयमा तालिम प्राप्त गरेकालाई विषेश ग्राह्यताको आधारमा।

१२. **<u>संयोजक र सामाजिक परिचालकहरुको सुविधा, काम, कर्तव्य, अधिकार र सेवाअवधिः</u>** संयोजक र सामाजिक परिचालकको काम, कर्तव्य, अधिकार, सेवा र सुविधा समेत उल्लेख गरी सम्झौता गर्नुपर्नेछ।

१३. **<u>लोगो सम्बन्धमाः</u>** यस अभियानको लोगो अनुसुचि-१ मा उल्लेख भए बमोजिम हुनेछ।

१४. **<u>बैठक भत्ताः</u>** समितिका पदाधिकारिहरुले समितिको बैठकमा भाग लिए वापत प्रचलित कानून बमोजिम बैठक भत्ता पाउनेछन्।

१५. **<u>अनुगमन मूल्यांकनः</u>** मन्त्रालयले सुरक्षितबेटी अभियान अन्तरगत सञ्चालित कार्यक्रमहरुको समयसमयमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

१६. **<u>संशोधन गर्न सक्नेः</u>** मन्त्रालयको सहमतिमा प्रदेश सरकारले यस निर्देशिकालाई संशोधन गर्न सक्नेछ।

## अनुसुची:-१

स्विकृत मिति:-२०७६।११।०५

आज्ञाले,
वीरेन्द्र कुमार यादव
प्रदेश सरकारको सचिव